श्री

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७९।०८० सालको निर्णय नं. १६७

पुनरावेदन नं. ०७८-RB-००३०

**मुद्दाः- आयकर (२०७२/०७३) ।**

का.जि.का.म.न.पा. वडा नं.३० डिल्लिबजार स्थित साविक भिवोर विकास बैंक लि. हाल लुम्बिनी विकास बैंक लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. बैंकको प्रमुख कार्यकारी अधिकृत बर्ष ४९ को नरेश सिंह बोहोरा.....................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..................................... १
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौं.......................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री वावुराम गौतम

शुरु कार्यालयको निर्णय मितिः-२०७७/०५/२३/३

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री झक्क प्रसाद आचार्य

निर्णय मितिः २०७८/०२/०३/०२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री प्रकाश रेग्मी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतम

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८/०२/०३ मा भएको निर्णयमा चित्त नबुझाई सो उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम करदाताको तर्फबाट परेको प्रस्तुत पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गत बैंकिङ सम्बन्धी कारोवार गर्ने पुनरावेदक करदाता श्री लुम्बिनी विकास बैंक लिमिटेड (साविकको भिवोर विकास बैंक लि.) (स्थायी लेखा नं. ३०२५९८४६१) बाट आ.व. २०७२/०७३ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार व्यवसायमा रु.१३,३५,७८,१६६।- नोक्सानी कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७३/०९/२७ मा विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०७२।०७३ को आय विवरण र सोसँग सम्बन्धित कागजात तथा विवरणको अध्ययन, छानवीन गरी कर परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, आयमा समावेश गर्नुपर्ने आय समावेश भएको नदेखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय रु. ४,१९,१९,१८८।- कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७७।०४।१३ मा सुचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७७।०४।१३ मा जारी भएको सूचना करदाताले मिति २०७७।०४।१५ मा नै बुझी लिई सोको लिखित जवाफ मिति २०७७।०५।२२ मा पेश गरेको ।

४. करदाताको हकमा ठूला करदाता कार्यालयबाट आ.व.२०७२।०७२ को लागि रु.१०,६५,०७,०४२।- नोक्सानी कायम भएको र सो लाई आधार मानी करदाताले दावी गरेको नोक्सानी रकमलाई अमान्य गरिएको साथै संशोधित नोक्सानी उपर करदाता प्रशासकीय पुनरावलोकनका लागि गएको भएतापनि आयकर ऐन, २०५८ को दफा ११५(४) बमोजिम प्रस्तुत आ.व. को लागि कायम भएको संशोधित नोक्सानीलाई आधार लिई संशोधित करयोग्य आय निर्धारण गर्न बाधा नपर्ने कारणबाट करदाताको जिकीरसँग सहमत हुन नसकिने एवं करदाताले आय विवरण साथ पेश गरेको नाफा नोक्सान

हिसावमा रु.३,१६,५०८।- लाभांस प्राप्त गरेको र सो लाभांस समेत आयमा समावेश गरी बोनस व्यवस्था शीर्षक अन्तर्गत खर्च दावी गरेको रकम वोनस ऐन, २०३० को दफा ५ तथा आयकर ऐन, २०५८ को बमोजिम दावी गर्न नमिल्ने लगायतका कारणबाट प्रस्तुत करदाताको आ.व.२०७२।०७३ को लागि व्यवसायमा रु.४,१९,१९,१८८।- करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१(२) बमोजिम संशोधित कर निर्धारण गरी करदातालाई दफा १०२ बमोजिम सूचना दिने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७७।५।२३ मा जारी भएको संशोधित कर निर्धारण आदेशको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरले मिति २०७७।५।२३ मा जारी गरेको आ.व. २०७२/०७३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता श्री लुम्बिनी विकास बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७।६।२५ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले विगत आ.व.मा कायम गरेको नोक्सानी सम्बन्धमा प्रशासकीय पुनरावलोकनको लागि पुनरावेदन गएको भन्ने जिकीरका सम्बन्धमा कार्यालयले आर्थिक बर्ष २०७२।०७३ को संशोधित कर निर्धारण गर्दाको समयसम्ममा करदाताको उक्त निवेदन उपर फैसला भई सो कर निर्धारणमा कुनै परिवर्तन भएको नदेखिएको हुँदा करदाताको मुद्दा विचाराधिन रहेको अवस्थामा सो खर्च कट्टी समायोजन गर्न पाउनुपर्छ भन्ने जिकीर पुग्ने देखिदैन। प्रशासकीय पुनरावलोकनबाट वा अन्य कुनै आधिकारिक निकायबाट सो आर्थिक बर्षको कर निर्धारणमा कुनै परिवर्तन भएमा सोही बखत सो निर्णय अनुसार हुने नै हुँदा करदाताले दावी गरेको नोक्सानी रु.१७,५४,६८,५८१।- आयकर ऐन, २०५८ को दफा २०(१)(ख) बमोजिम मिलान गर्न नपाउने भनी कार्यालयले गरेको कर निर्धारण मनासिव नै देखिएकोले निवेदकको जिकीर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०२।०३ मा भएको निर्णय ।

७. आयकर ऐन, २०५८ को दफा १०१ ले संशोधित कर निर्धारण गर्दा न्यायोचित आधारमा गर्नुपर्ने भन्ने स्पष्ट उल्लेख भएको भएतापनि प्रत्यर्थी कार्यालयबाट करदाता बैंकले पेश गरेका प्रमाण एवं आधारलाई पूर्णत अन्देखा गरको, आयकर ऐन तथा नियमावलीमा रहेको व्यवस्थाको कार्यान्वयनमा सहज होस् भन्ने हेतुले विपक्षी विभागबाट जारी गरिएको आयकर निर्देशिका, २०६६ मा व्यवसाय वा लगानीबाट भएको विगत ७ बर्षको कट्टी हुन नपाएको नोक्सानीलाई व्यवसाय वा लगानीबाट भएको आयबाट कट्टी गर्न पाउने स्पष्ट रहेको अवस्थामा आफैंले दिईएको उदाहरण समेतको विपरित आयकर

ऐन, २०५८ को दफा २० मा रहेको कानूनी व्यवस्थाको गलत तवरबाट व्याख्या गरी संशोधित कर निर्धारण गर्ने कार्य त्रुटिपूर्ण रहेको हुँदा सो निर्णय बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँभन्ने समेत व्यहोराको करदाताले यस न्यायाधिकरणमा मिति २०७८।०४।३१ मा पेश गरेको पुनरावेदन पत्र।

८. मिसिल संलग्न कागजातबाट ठूला करदाता कार्यालय ललितपुरका प्रमुख कर प्रशासक श्री बाबुराम गौतमबाट भएको मिति २०७७।०५।२३ को निर्णय र प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७।०६।२५ मा दिएको निवेदन उपर आन्तरिक राजश्व विभागका महानिर्देशक श्री झक्कप्रसाद आचार्यबाट मिति २०७८।०२।०३ मा भएको निर्णय उपर चित्त नबुझि आयकर ऐन ,२०५८ को दफा ११५ र दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम निर्धारित (विवादित) कर रु.१,८८,१५,७८८।- को क्रमशः राजस्व एक चौथाई र सो रकममा थप धरौटी पच्चिस प्रतिशत सहित हुने रु.९४,०७,८९४।- दाखिला गर्नु पर्नेमा अग्रिम दाखिला भएको रु.१,८८,१५,७८८/- मध्येबाट पच्चिस प्रतिशतले हुने रु.४७,०३,९४७/- र थप पुनरावेदन धरौटीबापत राजस्व न्यायाधिकरण काठमाण्डौको नाममा जारी भएको तथा पुनरावेदन पत्रमा विवादित रकम समेत उल्लेख गरी समावेश गरेको लुम्बिनी विकास बैंकको रेफरेन्स नं २०७७/०७८/LBBL/TR/०५९ को रु.४७,१६,०००/- बैंक ग्यारेण्टी चेकजाँच गरी स्रेस्तेदारबाट स्वीकृत भई मिति २०७८।०४।३१ मा पुनरावेदन दर्ता गरेको देखिन्छ ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०५/०९ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

१०. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री लुम्बिनी विकास बैंक लिमिटेड तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री प्रकाश रेग्मीले ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री विमला गौतमले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत

कानुन सम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश तथा प्रशासकिय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. करदाताको पहिलो पुनरावेदन जिकीर विगत आर्थिक बर्षको नोक्सानी कट्टी अमान्य गर्ने गरी भएको ठूला करदाता कार्यालयको संशोधित कर निर्धारण आदेशका सम्बन्धमा रहेको देखिन्छ। अघिल्लो आर्थिक वर्षको आयकर तर्फको संशोधित कर निर्धारणको आदेश उपर चित्त नबुझी प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभाग समक्ष निवेदन दिई सो उपर न्यायिक परिक्षण कायम नै रहेको अवस्थामा सो तर्फ विवेचना नगरी करदाता प्रशासकीय पुनरावलोकनका लागि गएतापनि संशोधित कर निर्धारण कुनै बाधा नहुने भन्ने तर्क उल्लेख गरी ठूला करदाता कार्यालयबाट करदाताले माग गरेको नोक्सानी दावी अमान्य गरेको कार्य कानूनसम्मत नभएको हुँदा सो आदेश तथा आन्तरिक राजस्व विभागको निर्णय बदर गर्नुपर्ने भन्ने पुनरावेदन जिकीर लिएको देखिन्छ। ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेशबाट करदाताले रकम रु. १०,६५,०७,०४२।- कट्टी दावी गर्न मिल्ने भनी उल्लेख गरेको देखिन्छ तर पुनरावेदक करदाताले सुरु कर कार्यालयले कायम गरेको नोक्सानी भन्दा बढि रकम रु.१७, ५४,६८,५८१।- कट्टी दावी गरेको देखिन्छ। करदाताले आयकर ऐन, २०५८ को दफा २०(१) प्रतिकूल हुने गरी बढि नोक्सानी दावी गरेको हुँदा ऐ.ऐनको दफा १३ बमोजिम खर्चकट्टी दिन नमिल्ने आधार लिई ठूला करदाता कार्यालयबाट कर निर्धारण भई आन्तरिक राजस्व विभागबाट समेत सो आदेश सदर गरेको देखिन्छ।

१३. आयकर ऐन, २०५८ को दफा २० को उपदफा (१) मा कुनै व्यक्तिले कुनै आय बर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि नोक्सानी कट्टी गर्न पाउने कानूनी व्यवस्था रहेको देखिन्छ। करदाताले आघिल्लो आ.व.२०७१।०७२ मा ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिई सो उपर न्यायिक कारवाही भईरहेको कारण करदाताले पेश गरेको आय विवरण बमोजिम नै हुने गरी नोक्सानी कट्टी पाउनु पर्नेमा सो नगरी आयकर ऐन, २०५८ को दफा १०२ बमोजिमको

संशोधित कर निर्धारणको आदेशबाट कायम गरेको नोक्सानी रकम कट्टा गर्न नमिल्ने भनी जिकीर लिएको सम्बन्धमा दृष्टिगत गर्दा यिनै करदाताले आ.व.२०७१।०७२ को संशोधित कर निर्धारण आदेश सम्बन्धमा चित्त नबुझी यस न्यायाधिकरणमा दायर गरेको ०७८-RB-००२९ को मुद्दामा आज यसै इजलासबाट नोक्सानी कट्टी लगायतका सवै शीर्षकमा भएको निर्णय सदर हुने ठहरी फैसला भईसकेको हुँदा सो समेत आधारमा प्रस्तुत विवादका विषयमा ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश तथा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानूनसम्मत नै रहेको देखिन्छ।

१४. करदाताको अर्को पुनरावेदन जिकीर शुल्क निर्धारणका सम्बन्धमा रहेको देखिन्छ। बैंक घाटामा रहेकोमा ठूला करदाता कार्यालयले गैरकानूनी तवरले व्याख्या गरी कर निर्धारणको क्रममा बैंकको नाफा कायम गरी उक्त नाफामा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क तिर्नुपर्ने भनी लिएको आधार तथा कारण कानूनसम्मत नरहेको हुँदा उक्त आदेश खारेज गर्नुपर्दछ भन्ने करदाताको पुनरावेदन जिकीर रहेको देखिन्छ। ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेशमा करदाताले आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको कसूर गरेको हुँदा सो बमोजिमको शुल्क निर्धारण गरेको सो उपर प्रशसकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागबाट सुरु कर कार्यालयको निर्णयलाई नै सदर गरेको देखिन्छ।

१५. आयकर ऐन, २०५८ को दफा १२० मा " कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट हटाई विवरणमा उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिमको शुल्क लाग्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सोही दफाको उपदफा (क) मा "जानीजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलवस झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत" भनी उल्लेख गरेको देखिन्छ। पुनरावेदक करदाताले ठूला करदाता कार्यालय समक्ष पेश गरेको आयविवरणबाट घटी दायित्व पर्ने गरी विवरण पेश गरेको देखिन्छ साथै कर परीक्षणको सिलसिलमा करदाताले पेश गरेको आय विवरणबाट करदाताले जानीजानी वा लापरवाही तवरले नभई भूलवश झुठ्ठा तथा भ्रमपूर्ण तवरले बढी नोक्सानी देखाई विवरण पेश गरी कर दायित्व घटाएको देखिंदा यस सम्बन्धमा ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश तथा सो लाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागको निर्णय कानूनसम्मत नै देखिन्छ।

१६. तसर्थ माथिका प्रकरणहरुमा विवेचना गरिएका आधार एवं कारण समेतबाट पुनरावेदक करदाता साविक भिवोर विकास बैंक हाल लुम्बिनि विकास बैंक (स्थायी लेखा नं. ३०२५९८४६१) को आ.व. ०७२/०७३ को ठूला करदाता कार्यालय ललितपुरबाट संशोधित कर निर्धारण गरी मिति २०७७।०५।२३ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०२।०३ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

पुष्पप्रसाद गुरागाई
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमती छ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः प्रमोद रिजाल
ईति सम्वत् २०७९ साल असोज ६ गते रोज ५ शुभम् ---------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने राजस्व सदस्यः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप